# प्रेश विज्ञप्ती

## प्राइम कमर्सियल बैंकका थप शाखाहरुको शुभारम्भ् – काठमाडौको नयां बानेश्वर र बालाजुमा

विभिन्न बैंकर्स, उद्योगी, व्यवसायी,शिक्षाविद एवं व्यवसायिक व्यक्तित्वहरुद्वारा प्रवर्द्धित तथा विभिन्न नविनतम बैङ्किग सेवाहरु प्रदान गर्दै संचालनको पहिलो वर्षमा नै खूद मुनाफा आर्जन गर्न सफल भएको प्राइम कमर्सियल बैंकले आजदेखि काठमाडौको नयां बानेश्वर र बालाजुमा पनि नयां शाखाहरुको शुभारम्भ गरेको छ ।

स्थानीय उद्योगी, व्यवशायी, शिक्षक, समाजसेवी तथा विभिन्न पेशाकर्मीहरुको उपस्थितिमा आज एक समारोहका विच बैंकका अध्यक्ष श्री नरेन्द्र बज्राचार्यले नयां बानेश्वर शाखा र संचालक श्री राजेन्द्र दास श्रेष्ठले बालाजु शाखाको समुदघाटन गर्नु भयो ।

शाखाहरुको शुभारम्भको अवसरमा नेपालकै बैकिंग क्षेत्रमा पहिलो पटक प्रस्तुत गरिएको सुनचाँदी सम्बन्धि "प्राइम गोल्ड सर्टिफिकेट" लगायत बिभिन्न निक्षेप योजनाहरु तथा निःशुल्क डेबिट कार्ड, ई-बैकिङ्ग , Any Branch Banking एवं SMS Banking जस्ता अत्याधुनिक सेवाहरु प्राप्त हुनेछन् ।

बैकले शाखा बिस्तारको कममा २०६५ कार्तिक १८ गते उपत्यका बाहिर धरान, भरतपुर तथा पोखरामा तीन नयां शाखाहरुको शुभारम्भ गरी कारोवार शुरु गरि सकेकोछ । आगामी २०६५ कार्तिक २४ गते ललितपुरको लगनखेलमा पाटन शाखाको शुभारम्भ हुंदैछ।

साथै बैंकले निक्षेप कर्ता तथा ग्राहकहरुको सुविधालाई ध्यानमा राखी दिदैं आएको चुस्त, आत्मीय र ग्राहक मुखी सेवालाई अझ परिमार्जित गरी आगामी दिनहरुमा अग्रगामी सेवाहरु पनि संचालनमा ल्याउने कार्यक्रम रहेको छ ।

धन्यवाद ।

२०६५/०७/२२/६

नारायण दास मानन्धर
प्रमुख कार्यकारी अधिकृत